म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २५ बुधबार ०८ भदौ २०७९ ने. सं. ११४२ गुँलागा 24 August, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# 'आमा र छोरीहरुको महत्व बुझाउन सरकार चुक्यो'

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ सरकारले आमा र छोरीहरुको महत्व बुझाउन नसकेको गुनासो पोखिएको छ । लिंग पहिचान गरी गरिने गर्भपतनविरुद्ध नीतिहरुको निर्माण गरेपनि सरकारले जनमानसमा आमा र छोरीको महत्व बुझाउन चुकेको सरोकारवालाहरुले बताएका छन् ।

हेटौंडामा मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको विभेदपूर्ण लिंग छनौटको अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-८८ विषयक प्रदेशस्तरीय कार्यशाला गोष्ठिमा बोल्दै सरोकारवाला निकायका प्रतिनिधहरुले घरपरिवार र समुदायमा आमा-छोरीको महत्व बुझाउन जरुरी रहेको औंल्याएका हुन् । नेपाली समाजमा छोरीभन्दा छोरा रुचाउने पुरातनवादी सोचलाई निरुत्साहन गर्न सरकार असफल भएको गुनासो गरिएको हो ।



सरकारले ढिलो गरी अघिल्लो वर्षबाट मात्रै रणनीति कार्यान्वयन गर्न जुटेको थियो । २०७८ मै रणनीति कार्यान्वयन गर्ने नीति लिएपनि बागमती प्रदेशमा पहिलो पटक सरोकारवाला निकायहरुसँग छलफल गरिएको थियो ।

सरकारले रणनीति कार्यान्वयनमा लैजाने तयारी गरेपछि कार्यसम्पादन उचित नभएको सरोकारवालाहरुले प्रश्न उठाएका छन् । रणनीतिको पहिलो उद्देश्यमै तीनै तहका सरकारले लिंग पहिचान गरी गरिने गर्भपतनको विरुद्धमा आवश्यक नीतिहरुको निर्माण गरी कार्यान्वयन गर्ने उल्लेख छ ।

कार्यक्रममा उपस्थित स्थानीय तहका जनप्रतिनिधि, बागमती प्रदेशका मन्त्रालय, कानुन व्यवसायी, गैरसरकारी निकायका प्रतिनिधिहरुले रणनीतिलाई सामुदायमा लगेर स्थानीयलाई परिचालन गर्नुपर्ने सुझाव दिएका छन् । विभेदपूर्ण लिंग छनौटको अन्त्यका लागि समुदायलाई परिचालन गरेर व्यवहार परिवर्तनमा जोड दिइनु पर्ने जनाइएको छ ।

हेटौंडाकी नगर प्रमुख मिनाकुमारी लामाले छोरी र आमाहरुको महत्व बुझाउन सरकारले धेरै काम गर्न बाँकी रहेको जनाएकी छन् । छोरीको महत्व महिलाले मात्रै बुझेर नहुने भन्दै पुरुषहरुलाई पनि महत्वबारे जानकारी गराउनुपर्ने बताइन् । उनले छोरीहरुको दुःख र कठिनाई भनिसाध्य नभएको बताइन् । 'छोरीहरुको समस्या भनेर साध्य छैन । झन् राजनीतिक गर्ने छोरीहरुलाई धेरै गाह्रो छ,' लामाले भनिन् । स्थानीय तहले काम गर्नुपर्नेमा हेटौंडा उपमहानगर तयार रहेको बताइन् ।

संघीय सरकारले रणनीति कार्यान्वयनका लागि समिति बनाएर मात्रै नहुने भन्दै आवश्यक बजेट बिनियोजन गर्न सरकारलाई आग्रह गरिन् । 'कानुन मात्रै पठाएर काम गर्न सकिन्न । बजेटपनि पठाउन पर्‍यो,' लामाले भनिन् । उनले मेयरसँग छोरी कार्यक्रम राखेको बताइन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव बद्री बहादुर खड्काले रणनीति कार्यान्वयन गरे कोसेढुंगाका रुपमा सावित हुने बताए । उनले रणनीति कार्यान्वयन गर्न वार्षिक कार्ययोजना बनाएर अघि बढ्ने बताए । सचिव खड्काले आमाहरुले छोरा नपाएको निहुँमा आत्महत्या गरेको भन्दै यस रणनीतिले आत्महत्या न्युनिकरण अभियानलाई पनि साथमा अगाडि बढाउने बताए ।

कानुन कार्यान्वयनमा जान सशक्तीकरण चाहिने उनको भनाइ छ । कार्यक्रममा सहभागीहरुले अल्ट्रा साउण्डको गतल प्रयोग रोक्नु पर्ने बताए । कृपा र युएनएफपीए नाम संस्थाको सहयोगमा भएको कार्यशाला गोष्ठिमा आज्ञा खनाल र नर्स सोनालक्ष्मी कर्मचार्यले सहजीकरण गरेका थिए ।

रणनीतिअनुसार पहिचानको अधारमा गर्भपतन गर्न चाहने दम्पत्ति, परिवार र समाजको सोच परिवर्तनमा जोड दिने, लिंग पहिचान गरी गरिने गर्भपतनका विरुद्धमा स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्य सेवा प्रदायकहरुको भूमिका र दायित्वलाई थप प्रभावकारी बनाउने, छोरा र छोरीको समान महत्वलाई प्रवर्द्धन गर्न सामाजिक, सांस्कृतिक, परम्परागत सोच, मान्यता र व्यवहारमा परिवर्तन ल्याउने, आर्थिक सशक्तीकरणका लागि उद्यम व्यवसायमा महिला तथा किशोरीहरुको अर्थपूर्ण सहभागितालाई प्रोत्साहन गर्ने, महिला तथा किशोरीहरुको सामाजिक सशक्तीकरण गर्दै नेतृत्व विकासलाई प्रवर्द्धन गर्ने उद्देश्य रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा सन् २०११ मा भएको जनगणनामा आधारित रहेर संयुक्त राष्ट्र संघीय जनसंख्या कोष नेपालले २०१७ मा प्रकाशित 'नेपालको जनसंख्या स्थिति विश्लेषण' नामक प्रतिवेदनमा १२ जिल्लाहरुमा १ वर्षभन्दा मुनिको जन्मदरको लैंगिक अनुपात १ सय १० वा सो भन्दा बढी भएको देखाएको थियो ।

सन् २०१६ को जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षणको तथ्यांकमा आधारित रहेर गरेको विश्लेषणमा राष्ट्रिय रुपमा जन्मदरको लैंगिक अनुपात १ सय १० रहेको व्यहोरा सोही कोषले प्रकाशित गरेको नेपालको कन्ट्री प्रोफाइल २०१९ नामक प्रतिवेदनमा समेत उल्लेख भएको छ ।

नेपाल छोरीलाई भन्दा छोरालाई उच्च प्राथमिकता दिने पित्तृसतात्मक मान्यता भएको देश भएकोले छोरी भन्दा छोरा जन्माउन चाहना राख्ने गरिएको पाइन्छ ।

## जिल्ला स्तरीय अन्तर विद्यालय टी २० क्रिकेट प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ मकवानपुरमा जिल्ला स्तरीय अन्तर विद्यालय टी २० क्रिकेट प्रतियोगिता हुने भएको छ ।

मकवानपुर क्रिकेट संघका पूर्व कप्तान स्वर्गीय निरज श्रेष्ठको स्मृतीमा क्रिकेट प्रतियोगिता हुने भएको हो । मकवानपुर क्रिकेट संघको आयोजनामा प्रतियोगिता हुन लागेको मकवानपुर क्रिकेट संघका कार्यबाहक सचिव बिनोद बानियाँले जानकारी दिए । उनले भदौ २५ गतेबाट प्रतियोगिता सुरु गरिने बताए ।

प्रतियोगितामा १६ टिमसम्मको सहभागिता रहेमा नकआउट चरणका आधारमा खेल खेलाइने जनाइएको छ । आजबाट प्रतियोगितामा सहभागिता जनाउन विद्यालयहरुमा चिठी पठाउने कार्य सुरु गरिने बानियाँले बताए । प्रतियोगितामा प्रथम हुने टिमलाई नगद ३० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र र द्वितीय हुने टिमलाई नगद २० हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ ।

## माओवादी थाहा नगर कमिटीको पदाधिकारी चयन

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ नेकपा माओवादी केन्द्रले थाहा नगर कमिटीको पदाधिकारी चयन गरेको छ ।

थाहा नगर कमिटीको बिस्तारित बैठकले नगर कमिटीको पदाधिकारी चयन गरेको हो । नेकपा माओवादी केन्द्रकी पोलिटव्युरो सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज कुमारी मोक्तानको उपस्थितिमा भएको बैठकमा पदाधिकारी चयन साथै १३ सदस्य मनोनित गरेको छ । विस्तारित बैठकले उपाध्यक्षमा सुमन कार्की, प्रमोद गोपाली र नवराज बिष्ट, सचिबमा लक्ष्मण बिष्ट, कोषाध्यक्षमा मंगल बहादुर मोक्तान चयन गरेको छ । बैठकले मंगलाल गोपाली, राधिका रायमाझी, शिब कुमार खत्री, मोहन कृष्ण गोपाली, इमान सिं थिङ, रुपचन्द्र सापकोटा, अञ्जली बलामी, नरेश घलान, सानोभाई खड्का, राज कुमार केसी, रुपचन्द्र गोपाली, निरन्जन गोले र मदन गोपालीलाई नगर कमिटी सदस्यमा मनोनित गर्ने निर्णय गरेको हो । थाहा नगर कमिटी अध्यक्ष बिनोद कुमार लामाको अध्यक्षता भएको बिस्तारित बैठकमा नेकपा माओबादी केन्द्र बागमती प्रदेश कमिटी उपाध्यक्ष प्रेम बहादुर पुलामी, विशेष प्रदेश उपाध्यक्ष प्रकाश चन्द्र पाण्डे, बागमती प्रदेश सचिवालय सदस्य विष्णु विष्ट, प्रदेश कमिटी सदस्य लवशेर विष्ट, इन्द्र बहादुर श्रेष्ठ, ज्योति रायमाझी, वीर बहादुर घलान, जिल्ला समन्वय समिति सदस्य जयराम रायमाझी लगायतको आतिथ्य रहेको थियो ।

**तथास्तु शपिङ्ग मार्केटको**

शटर पसल भाडामा उपलब्ध छ

**Booking Open Now !**

हेटौंडा-१०, मेनरोड (वाणिज्य बैंकसंगै र नेपाल बैंकको विपरित)

९८५१११२२२७, ९८५५०६७३०३, ९८५५०६७६४७

**विषेशताहरू:**

- आफ्नै पर्याप्त पार्किङ्ग सुविधा भएको ।
- सडक मापदण्ड (३१ मि.) पूरा भएको ।
- १० वर्ष सम्मको लिखित सम्झौता हुने ।
- २४ सै घण्टा सुरक्षा गार्ड रहेको ।
- निःशुल्क सार्वजनिक शौचालय भएको ।
- निःशुल्क इन्टरनेट सुविधा भएको ।
- सफा र फराकिलो पसल कौल भएको ।



## मोटरसाईकल चोरीको आरोपमा दुई जना पक्राउ

हेटौंडा, ६ भदौ/ मकवानपुर प्रहरीले मोटरसाईकल चोरीको आरोपमा दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले मोटरसाईकल चोरीको आरोपमा हेटौंडा उपमहागरपालिका-१५ बस्ने २० वर्षीय मनोज पुलामी मगर र हेटौंडा उपमहागरपालिका-५ शान्तीनगर बस्ने २२ वर्षीय सुरज ठकुरीलाई पक्राउ गरेको हो ।

ना ३९ प २२९९ र बा ३३ प ६११४ नम्वरको मोटरसाईकलसहित उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । गएको ३ भदौ राती हेटौंडा-५ स्थित शान्तिनगरबाट ना ३९ प २२९९ नम्बरको मोटरसाईकल चोरी भएको उजुरी प्रहरीमा आएको थियो । सोही उजुरीको आधारमा प्रहरीको टोलीले खोजतलास गर्ने क्रममा आइतबार हेटौंडा-१५ बस्ने मनोजको घरभित्रबाट उक्त चोरी भएको ना ३९ प २२९९ र बा ३३ प ६११४ नंबरको मोटरसाईकल फेला पारेको प्रवक्ता कार्कीले बताए । उक्त मोटरसाइकलको बारेमा सोधपुछ गर्दा मगरले आफूहरुले मोटरसाईकल चोरी गरेर ल्याएको बताएपछि ठकुरीलाई हेटौंडा-१० बसपार्कबाट पक्राउ गरिएको कार्कीको भनाइ छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



ADMISSION OPEN

TU Affiliated Courses
- BSc. CSIT
- BCA
- BBS

+2 MANAGEMENT SCIENCE LAW

MANAGEMENT FACULTY
- HOTEL MANAGEMENT
- COMPUTER SCIENCE
- BUSINESS STUDIES
- TOURISM & MOUNTAINEERING

SCIENCE FACULTY

+2 LAW (English medium)

FEATURES
- Spacious classroom
- Well Equipped Lab
- Interactive Learning
- Peaceful Environment

**HETAUDA CITY COLLEGE/ZENITH**

Piple, Hetauda-5, Makawanpur

057-526660, 9855077417, 9855071699, 9841271001

Web : www.hetaudacitycollege.edu.np | E-mail : hetaudacitycollege.official@gmail.com

Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# बालविवाहमुक्त पालिका बनाऔं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दीगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ०९ गते बिहीबार २५ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष त्रयोदशी । गुँलागा ११४२ । सूर्योदय: ५:३९, सूर्यास्त: ६:३१ मा हुनेछ । राष्ट्रिय धर्मसभा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा लाभ हुनेछ | **तुला** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : अधुरो काम बन्ने सम्भावना छ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : आफन्तबाट विरोध हुनेछ |
| **कर्कट** | : भाग्योदयको योग छ | **मकर** | : पेसाबाट घाटा देखिन्छ |
| **सिंह** | : सहयोगी हातहरु बढ्नेछ | **कुम्भ** | : धन आर्जन हुनेछ |
| **कन्या** | : धर्मकर्ममा मन जानेछ | **मीन** | : दोहोरो लाभ मिल्नेछ |

# कोल्टे फेर्दै राजनीति



✍ तपराज जोशी

> राजनीतिक परिवर्तनको यो संकेतलाई दलहरुले गहन विश्लेषण नगरी सत्ता, शक्ति, पैसा र कार्यकर्ताको बलमा यथास्थितिमा नै निर्वाचनको परिणाम आफ्नो पोल्टामा पार्न सकिन्छ भन्ने भ्रममा अघि बढ्ने हो भने आगामी निर्वाचनमा पनि उनीहरुलाई स्वतन्त्र उमेदवारको चुनौती महँगो पर्नेछ ।

गत स्थानीय निर्वाचनमा केही स्थानमा स्वतन्त्र उमेदवारसँग सत्ता गठबन्धन (घोषित) र प्रतिपक्षी गठबन्धन (अघोषित) दुवै एकसाथ पराजित हुनु सामान्य घटना थिएन । यद्यपि, उक्त घटनामा ठूला दलहरुले आफु स्वतन्त्र उम्मेदवार सँग पराजित भएको स्वीकार नगरी यसलाई आफ्ना कार्यकर्ताहरुको असहयोग र अन्तर्घातका कारण आएको परिणामका रूपमा व्याख्या गरे । यो तथ्यहिन र सतही विश्लेषण हो ।

दलहरुको यो निष्कर्ष घटनाको सही विश्लेषण नभई नेतृत्वको 'पानीमाथि ओभानो' बन्ने उपक्रमका रुपमा आएको कुरा घाम झैं छर्लङ्ग देखिन्छ । घटनाको यथार्थपरक विश्लेषण गर्ने हो भने यो परिणामलाई दलहरुले आफूहरु शासकीय भूमिकामा रहँदा जानाजान गरेका थुप्रै कमी कमजोरी तथा गलत क्रियाकलापविरुद्धको स्वाभाविक जनआक्रोशका रुपमा लिनु उपयुक्त हुनेछ । सँगै यस घटनालाई जनमानसमा दलहरु प्रतिको आकर्षण र सान्दर्भिकता घटेको रुपमा अर्थ्याउँदा पनि अतिशयोक्ति नहोला ।

दलहरुले सामाजिक परिवर्तनलाई आत्मसात नगरी उल्टै जनमतलाई धन, शक्ति, सत्ता र बलको आधारमा आफू अनुकूल प्रयोग गर्दै यथास्थितिलाई निरन्तरता दिन खोज्नुको परिणाम पनि हो यो । यति ठूलो सामूहिक पराजयको घटनालाई समेत यथार्थपरक विश्लेषण गरेर विगतमा भएगरेका दलीय कमजोरीहरुलाई सच्च्याउन नचाहँदा आगामी निर्वाचनमा दलहरुले झनै अकल्पनीय परिणाम प्राप्त गर्ने निश्चित छ ।

परिवर्तन अवश्यंभावी छ । स्थान विशेषमा यसको गति, मात्रा र समयसीमा भने फरकफरक हुनसक्छ । ढुङ्गे युगबाट सुरु भएको सामाजिक परिवर्तनको यात्रा एक्काइसौं शताब्दीको सभ्य सामाजिक परिवेशसम्म आइपुग्दा मानव जीवनले धेरै उतारचढावको सामना गर्दै यहाँसम्म आइपुगेको तथ्य विभिन्न अध्ययन अनुसन्धानबाट पुष्टि हुन्छ । ढुङ्गे युग मानव जीवनको सबैभन्दा अन्धकारपूर्ण समय थियो किनभने त्यहाँ जीवजन्तुको जस्तै मानिसको पनि एकमात्र लक्ष्य जीवन निर्वाहका लागि संघर्ष नै थियो । त्यतिबेला अहिलेको जस्तो मान्छेहरुबीच मानवता, भाइचारा तथा सौहार्दको अवस्था थिएन । मानिस मानिससँगै तर्सिनुपर्ने अवस्था थियो ।

दार्शनिक थोमस हब्स्को भनाइलाई आधार मान्ने हो भने त्यतिबेलाको मानव जीवन निकै कष्टकर, त्रासदीपूर्ण र 'सबैको सबैसँग युद्धको खतरा□को अवस्थाबाट गुज्रिएको थियो । कृषि युगमा आइपुग्दा मानव जीवनमा उल्लेख्य परिवर्तन देखियो । मानिसहरु निश्चित स्थानमा व्यवस्थित बसोबास गर्न थाले । कष्टकर मानव जीवन विभिन्न आविस्कारहरूमार्फत सहजतातिर उन्मुख भयो । यसको लगत्तै औद्योगिक युगको आरम्भ भयो । मानव जीवन विज्ञान र प्रविधिबाट सुसज्जित हुन थाल्यो र यो तुलनात्मक रुपमा व्यवस्थित तथा सुखद भयो । औद्योगिक युगपछि मानव समाज झनै परिष्कृत र व्यवस्थित हुँदै उत्तर औद्योगिकताको परिवेशसम्म आइपुग्यो । आज हामी त्यही युगका मानिस हौं । प्रत्येक युगमा मानव जीवनमा आएको परिवर्तनसँगै राजनीति, शासन प्रणाली तथा शासकीय स्वरुपमा पनि उल्लेख्य परिवर्तन हुँदै गए । मध्ययुगसम्म अस्तित्वमा रहेकोससाना राज्यमा विभक्त पारिवारिक, वंशाणुगत तथा जातीय, क्षेत्रीय तहको शासकीय प्रणाली आधुनिक युगसम्म आइपुग्दा प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थामा रुपान्तरित र विकसित हुँदैगयो । प्रत्येक राजनीतिक सामाजिक परिवर्तनपछि विश्वव्यापीरूपमै शासन प्रणाली, शासकीय स्वरूप र शासकको भूमिकामा उल्लेख्य परिवर्तन देखियो । हाम्रो देशमा भने पटकपटक भएका ऐतिहासिक परिवर्तनहरु सैद्धान्तिक तथा कागजीरूपमा सीमित गरिए ।

हामीले छोटो समयमा थुप्रै राजनीतिक सामाजिक क्रान्ति गर्‍यौं । साम्यवादी व्यवस्थाबाहेक विश्वमा देखिएका धेरैजसो शासकीय अभ्यास भयो तर व्यवहारमा अझै पनि हाम्रो राजनीति कृषि युगको सामन्तवादी सोचबाट मुक्त हुनसकेको देखिँदैन । राजनीतिक व्यवस्था पटकपटक परिवर्तन भए पनि व्यक्ति र सोच भने पुरानै छन् । सभ्य समाजिक परिवेश तथा प्रजातान्त्रिक युगमा पनि हामी फरक विचार र समूहलाई सम्मान गर्न सकिरहेका छैनौ । क्षमतावान व्यक्तिलाई उपयुक्त स्थान दिएर जनतालाई सुशासन दिनुको साटो बेलाबखत परिवारवादको राणाकालीन अभ्यासलाई निरन्तरता दिने असफल प्रयास गरिरहेका हुन्छौं ।

वर्तमान राजनीतिक परिवेश ढुङ्गे युगको जस्तो हिंस्रक आक्रमणको अवस्थाबाट नगुज्रिए पनि असहमतलाई समूल नष्ट पार्नुपर्छ भन्ने सोच नेतृत्व तहका प्राय: सबै राजनीतिक नेतामा छ । संविधानमा बहुलवादको प्रावधान समावेश गर्ने दलहरु नै मुलुकमा विद्यमान विभिन्न राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक समूहका फरकफरक विचारहरुलाई राज्य सञ्चालनको क्रममा उपयुक्त स्थान दिन चाहँदैनन् ।

नेतृत्वले आफूलाई जति नै 'प्रजातन्त्रवादी' भएको दाबी गरे पनि आफ्ना आत्मकेन्द्रित विचार र योजनासँग सहमत नहुने व्यक्तिलाई छानीछानी तिरस्कार गरिएका थुप्रै उदाहरण देख्न सकिन्छ । अहिले पनि परम्परागत सोच तथा दासमनोवृत्ति बोकेका व्यक्तिहरुलाई नै प्राय: दलीय नेतृत्वले काखी च्यापेको पाइन्छ । नेतृत्व वर्गले अझै पनि दलीय हैकम स्थापित गर्दै एक्काइसौं शताब्दीको जनमतलाई सत्ता, शक्ति र धनको आडमा नियन्त्रित गर्न खोज्नु स्वाभाविकजस्तै बनिसकेको देखिन्छ । यही दम्भको पछिल्लो कडीका रुपमा अहिलेको गठबन्धनलाई लिन सकिन्छ ।

दलहरू जनमानसमा कति धेरै अप्रिय र असान्दर्भिक भइसकेका छन् भने अबको निर्वाचनमा भोटका लागि दिइने दलीय आश्वासन, प्रतिबद्धता, डर, त्रास आदि सबै प्रयास निरर्थक हुने निश्चित छ । एक दल, दुई दल, पाँच दल वा जतिसुकै ठूलो गठबन्धन किन नहोस् जनता यथास्थितिलाई स्वीकार गर्ने पक्षमा देखिँदैनन् । दलहरु जनताप्रति उत्तरदायी हुने हो भने उनीहरुसँग तत्काल निर्वाचनअघि सुधार गर्न सक्ने दुईवटा विकल्पमात्र देखिन्छ ।

पहिलो, दलहरुभित्र यथाशीघ्र व्यापक संरचनागत परिवर्तन गरेर दलीय संरचना नेतृत्व वर्गको सत्ता आरोहण गर्ने भऱ्याङमात्र नभई जनताको समृद्धि र विकासको संवाहक भएको विश्वास दिलाउने । दोस्रो, राजनीतिलाई दलीय नेतृत्वको आफन्त भर्ती केन्द्र नबनाई जनताले रुचाएका व्यक्तिहरुले प्रतिनिधित्व गर्ने थलोका रुपमा विकास गर्ने । फलस्वरुप, सामान्य नागरिकले दलका सक्षम एवं जनप्रिय उमेदवारमध्ये उत्कृष्ट विकल्प छनोट गर्ने अवसर प्राप्त गर्न सकुन् र जुन दलको उम्मेदवार जिते पनि शासन व्यवस्थाभित्र अपनत्व महसुस गर्न सकुन् ।

स्थानीय निर्वाचनको परिणामले प्रजातान्त्रिक प्रणालीमा सत्ता पक्षको विकल्प प्रतिपक्ष हुन्छ भन्ने स्थापित मान्यतामाथि नै प्रश्न खडा गरिदिएको छ । यतिमात्र होइन सत्तापक्ष र प्रतिपक्षलाई एकैपटक पराजित गरेको यस घटनाले उक्त मान्यतालाई पुनर्विचार गर्नुपर्ने अवस्थामा पुऱ्याइदिएको छ । त्यसैले यस घटनाले सरकार परिवर्तनको मात्र नभई राजनीतिक युग परिवर्तनको पूर्वसंकेत गरिरहेको छ ।

यसपटकको निर्वाचनले परम्परागतरूपमा स्थापित केही राजनीतिक आधारहरू जसले निर्वाचनमा जितहारको निर्धारण गरिरहेको हुन्थ्यो सबै भत्काएको देखिन्छ । काठमाडौं महानगर जहाँ परम्परादेखि नै नेवार समुदायको बाहुल्य छ त्यहाँ मदेसी समुदायको गैरराजनीतिक पृष्टभूमिका युवक निर्वाचित हुनुले त्यहाँ निर्वाचन जित्न नेवार समुदायकै व्यक्तिलाई उमेदवार बनाउनुपर्छ भन्ने पूर्व मान्यता भत्किएको छ ।

त्यसैगरी निर्वाचन जित्न दलहरुले क्रान्तिकारी पृष्टभूमिको दलीय राजनीतिभित्र लामो समयसम्म योगदान गरेको व्यक्तिलाई उम्मेदवार चयन गर्नुपर्छ भन्ने मान्यता पनि यसले भत्काइदिएको छ । त्यसैगरी धरानको निर्वाचनमा हर्क सामपाङले ब्राह्मणक्षेत्री समुदायको अपार समर्थन पाएको घटनाले पनि पहिले जितहारलाई निर्धारण गर्ने मानिएका जातीय क्षेत्रीय पर्खालहरू भत्कँदै गएको पुष्टि हुन्छ ।

तसर्थ राजनीतिक दलहरूले विगतमा आफूले गरेका गल्ती र कमजोरी तथा आफ्ना कारण सिर्जित विकृति विसंगतिहरुलाई सुधार गर्ने प्रतिबद्धताका साथ अघि बढ्नुको विकल्प छैन । आगामी निर्वाचनमा जनविश्वास आर्जन गर्न पटकपटक निर्वाचित भइसकेका र सत्तामा रहँदा सधैं विकृतिका वाहकमात्र बनेका व्यक्तिहरुलाई उमेदवारको सूचीमा समावेश गर्नुहुँदैन । आगामी निर्वाचनमा कम्तीमा पनि एक्काइसौं शताब्दीको आर्थिक सामाजिक परिवेश बुझ्ने, जनचाहना र प्राथमिकतालाई राज्यका नीतिकार्यक्रममा समाविष्ट गर्न सक्ने, तिनको सफल कार्यान्वयन गर्ने अठोट र क्षमता भएका व्यक्तिमात्र दलको उमेदवार बनाइनुपर्छ ।

यसो गर्न सकेमात्र वर्तमान राजनीतिमा देखिएको युगपरिवर्तनको चहनालाई सम्बोधन गर्न सकिन्छ र दलहरुको विकल्प दल नै हुन् भन्ने मान्यता पनि कायम राख्न सकिन्छ । साथै, दलहरु सचेत हुन सकेमा नेपथ्यबाट परिवर्तनको यो यथार्थलाई नियाल्दै स्वतन्त्र उमेदवारलाई योजनबद्धरूपमा अघि बढाएर दलहरुलाई पराजित गर्ने र एउटै दलको सरकार बन्न नदिने गृहकार्यमा रहेका विभिन्न शक्तिकेन्द्रहरुसँगै सूक्ष्मरूपमा नेपालको राजनीतिमा आफ्नो हस्तक्षेपकारी भूमिका खोजिरहेकाहरुको रणनीति पनि निस्तेज हुनेछ । स्थानीय निर्वाचनको यो मूल सन्देशलाई दलहरुले बेलैमा आत्मसात गरुन् ।

राजनीतिक परिवर्तनको यो संकेतलाई दलहरूले गहन विश्लेषण नगरी सत्ता, शक्ति, पैसा र कार्यकर्ताको बलमा यथास्थितिमा नै निर्वाचनको परिणाम आफ्नो पोल्टामा पार्न सकिन्छ भन्ने भ्रममा अघि बढ्ने हो भने आगामी निर्वाचनमा पनि उनीहरुलाई स्वतन्त्र उमेदवारको चुनौती महँगो पर्नेछ ।

अहिले जनताले क्रान्तिको लामो इतिहास बोकेको, जेलनेल सहेको र दलको पुरानो कार्यकर्ताभन्दा असल नीतिनिर्माता, इमानदार कार्यान्वयनकर्ता र सक्षम जनप्रतिनिधिको आवश्यकता महसुस गरेको देखिन्छ । वर्तमान राजनीतिमा मौलाउँदै गइरहेको नवउदारवादको विश्वव्यापीकरणको चरित्र बुझ्न नसक्ने, अझै पनि द्वितीय विश्वयुद्धकालीन राजनीतिक ध्रुवीकरणमा आधारित परम्परागत राजनीतिक चिन्तनका आधारमा घटनाक्रमहरूको साँघुरो विश्लेषण गर्ने नेताकार्यकर्ताहरूले देशको नेतृत्व गर्न गाह्रो छ । अहिले त वर्तमान समाज र देशको आवश्यकता बुझ्ने, जनताको प्राथमिकता पहिचान गर्नसक्ने र तिनीहरुलाई नीतिकार्यक्रममा समाविष्ट गर्नसक्ने फराकिलो फदय, समग्र राजनीतिक परिवेशको बुझाइ र ज्ञान भएका जनप्रतिनिधि खोजिएको छ ।

*-साभार: बाह्रखरी*

# अस्तव्यस्त व्यवस्थापन र नियमनले डुबेका सहकारी



✍ बाबुकाजी कार्की

व्यवस्थापन र नियमनको अस्तव्यस्तताका कारण सहकारी डुबेका समाचार दिन-प्रतिदिन बढ्दै छ । नेपालमा पछिल्लो समयमा सहकारीको संख्यात्मक वृद्धि तीव्र गतिमा भएको पाइन्छ । नेपालमा पहिलो सहकारी ऐन, २०४८ बन्दा ८ सय ३३ मात्र सहकारी भएकोमा हाल ३५ हजार २ सय ३९ सहकारीमा ८७ लाख ४९ हजार १ सय ३२ भन्दा बढी मानिस सेयरधनीका रूपमा संगठित भएका छन् । विगत तीन वर्षमा ४ हजार ६ सय ४४ सहकारी घटेका छन् ।

सहकारी संघीय सरकारअन्तर्गत १ सय २५, प्रदेश सरकारअन्तर्गत ६ हजार २ सय र स्थानीय सरकारअन्तर्गत २३ हजार ७ सय ५९ रहेका छन् । हाल सञ्चालित सहकारीमध्ये २० विषयगत केन्द्रीय संघ, एक राष्ट्रिय सहकारी बैंक, एक राष्ट्रिय सहकारी महासंघ र २ सय ४१ विषयगत जिल्ला सहकारी संघ क्रियाशील छन् ।

सहकारीमा ५६ प्रतिशत महिला सदस्य रहेका छन् । सहकारी संघसंस्थाले मुलुकभर ८८ हजार ३ सय ९ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छन् । अहिले सहकारीको कारोबार १० खर्ब र ९४ अर्ब १० करोड सेयर पुँजी तथा ६ खर्ब ९४ अर्ब २५ करोड ७० लाख बचत संकलन गरी २० लाख ९८ हजार ७ सय २७ जना ऋणीलाई ८ खर्ब ४ अर्ब १९ करोड ६० लाख लगानी गरेको छ । विधि प्रक्रिया नपुऱ्याईकन हचुवाको भरमा अस्वाभाविक ऋण प्रवाहका कारण सहकारी सञ्चालक भाग्ने र डुब्ने क्रम बढ्दो छ । पछिल्लो तथ्यांकअनुसार १ सय ६४ सहकारी समस्याग्रस्तको सूचीमा परेका छन् । सहकारी व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्न चुनौती बन्दै गएको छ । अधिकांश सहकारीमा सञ्चालक समितिको चयन, कर्मचारीको नियुक्ति, आम्दानी खर्चको पारदर्शिता आदि समस्यामूलक छ भन्ने गुनासाहरूमा सत्यता देखिन्छ । सेयर सदस्यहरूको सदाशयता र विश्वासको गलत फाइदा उठाउँदै केही धूर्त व्यक्तिहरूले सञ्चालकलगायतका समितिहरूमा परिवारका सदस्य वा नजिकका व्यक्तिहरू राखेर मनलागी गर्ने क्रम बढेको पाइन्छ ।

पदाधिकारी चयन, अडिटको प्रमाणीकरण आदि काइते एवं रकमी सिन्डिकेटका आधारमा अपारदर्शी साधारण सभाबाट कागजी प्रक्रिया पूरा गरी टाठाबाठाहरूको हैकम कायम राख्ने प्रवृत्ति मौलाउँदै गएको छ । सहकारीमा खर्चका विवरणहरू वास्ताविकताभन्दा पनि बिल भर्पाई दुरुस्त राखी व्यक्तिगत लाभ लिने दुराशयका कारण सहकारीको सिद्धान्त र मर्ममाथि नै प्रश्न खडा गरिदिएको छ । कसिसनमा कमाउने र चाकडीमा रमाउने प्रवृत्ति कतिपय सञ्चालकहरूको नियति बनेको छ । सहकारीका केही लोभीपापी सञ्चालकहरू जागिरे पनि भई आफ्नो सेवासुविधा बढाउने जस्ता निन्दनीय र हास्यास्पद निर्णय गरेका घटनाहरू सामान्य बन्दै गएका छन् । सहकारी सञ्चालनमा विधि र प्रक्रियासम्मत पारदर्शी कार्यशैलीभन्दा पनि सामन्ती सोच र स्वार्थबाट प्रदूषित हुँदै जानु भविष्यका लागि शुभसंकेत होइन । सहकारीमा देखिएका बेथिति नियमन गर्दै सुशासन कायम गर्न सम्बन्धित निकाय बेलैमा चनाखो नहुने हो भने बेथिति झन् मौलाउने निश्चित छ ।

स्वेच्छिक तथा खुला सदस्यता, सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारीबीच पारस्परिक सहयोग तथा समुदाय र वातावरणप्रति सदाशयता सहकारीका आधारभूत सिद्धान्त हुन् । सहकारीको जन्म गरिबी, असमानता, भेदभावकै विरुद्धमा भएको हो । राज्यले अंगीकार गरेको सार्वजनिक, निजी र सहकारी संस्थाको त्रिकोणात्मक सहकार्यबाट देशको समृद्धि हुने वास्तविकता हो । नेपालको संविधानले संकल्प गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण र व्यवस्थित गर्न सफल र सबल सहकारीले अर्थपूर्ण योगदान पुऱ्याउन सक्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने संविधानको राज्यका निर्देशक सिद्धान्तभित्र पर्छ । आर्थिक समृद्धि र आत्मनिर्भर अर्थव्यवस्थाका लागि आवश्यक नीतिनियमको व्यवस्था र कार्यान्वयन गर्ने अभिभारा सरकारको भए तापनि अन्य सरोकार पक्षको सक्रिय सहभागिताको पनि उत्तिकै महत्त्व रहन्छ ।

सहकारीको परिभाषा र सिद्धान्तसमेतलाई अपव्याख्या गर्ने यस्ता विकृत गतिविधिलाई निरुत्साहित र व्यवस्थित गर्न नयाँ सहकारी ऐन नियमको प्रभावकारी कार्यान्वयन अपरिहार्य भइसकेको छ । मौजुदा सहकारी ऐनमा केही सकारात्मक व्यवस्था भए पनि अझ धेरै सच्याउनुपर्ने विषयहरू छुटेको महसुस हुन्छ । सहकारीमा सर्वसाधारणको सहज र स्वस्फूर्त सहभागितालाई नियमनका नाममा संकुचित बनाउने प्रयास गरेको पाइन्छ । दण्ड र सजायभन्दा पनि प्रजातान्त्रिक प्रक्रिया र नैतिक बन्धनलाई समेत प्रोत्साहित गर्ने खालको नीतिबाट मात्र विकृतिहरूको दिगो नियमन हुन सक्छ । नेपालका कतिपय नियम-कानुन राम्रा भए तापनि कार्यान्वयवन फितलो हुनाले कागजमा नै सीमित भएका छन् ।

अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारी सिद्धान्त र मान्यतालाई समेत [illegible] सहकारी [illegible] समसामयिक सुधार तथा अनियमित गर्नेलाई दण्ड र राम्रोलाई पुरस्कृत गर्नका लागि अनुगमन निरीक्षण गर्ने परिपाटी प्रभावकारी हुन सकेको छैन । सहकारीमा हुने आर्थिक अनियमितताको निरुत्साहित गर्दै [illegible] आम्दानी र खर्चको अनिवार्य सामाजिक लेखापरीक्षण गर्ने प्रावधानले आर्थिक अनुशासन कायम गर्न कोसेढुंगा हुन सक्छ । कोरोनाले अन्य क्षेत्रजस्तै आर्थिक क्षेत्रमा पनि विशेष नकारात्मक प्रभाव परेको छ । वित्तीय संघसंस्थाहरू दिन-प्रतिदिन शिथिल बन्दै गएका छन् । कोरोना महामारीको सबैभन्दा बढी सकस सहकारी क्षेत्रमा परेको टड्कारो देखिन्छ । दैनिक बचत तथा ऋण प्रवाहबाट चलायमान रहने सहकारीहरू लामो लकडाउनका कारण प्राय: ठप्प नै भएका थिए । कतिपय सहकारीले कारोबार बन्द गर्न विवश भएको सञ्चालकहरूको दुखेसो छ ।

सहकारीहरूमा अस्तव्यस्त व्यवस्थापन तथा दूरदर्शी योजना नभएको कारणले पनि यो अवस्था आइलागेको हो । सहकारीको दर्शन तथा मर्म र भावनाभन्दा पनि केही सीमित टाठाबाठा व्यक्तिहरूको स्वेच्छाचारीमा चलेका सहकारीको अवस्था टीठलाग्दो हुनु अनौठो होइन । देशभरि छरिएर बसेका सबै खाले खासगरी बैंक र वित्तीय ज्ञान नभएका जनसमुदायको आम्दानीलाई व्यवस्थित र उचित प्रवर्द्धनका लागि सहकारी वरदान साबित हुन सक्छ । सीमित आम्दानी भएका जनसमुदायबाट संकलित बजेटको उत्पादनमूलक क्षेत्रमा लगानी गरेर सामाजिक आर्थिक विकास गर्न उदाहरणीय भूमिका निर्वाह गर्न व्यवस्थित रूपमा सञ्चालित सहकारीले मात्र सक्छन् ।

तसर्थ एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको सिद्धान्तलाई व्यवहारमा उतार्न काँधमा जिम्मेवारी, फदयमा इमानदारी, मस्तिष्कमा समझदारी तथा भविष्यदर्शी योजना एवम् म र मेरोभन्दा पनि हामी र हाम्रो भन्ने विवेक र विचार भएको नि:स्वार्थ नेतृत्व र सञ्चालकहरूबाट मात्र दिगो रूपमा सहकारी फस्टाउन सक्छ । संविधानले निर्दिष्ट गरेको आर्थिक समानता, समृद्धि, सुशासन [illegible] सहकारीले [illegible]

*(लेखक सहकारी अभियन्ता हुन् ।)*

# पहिलो उपाधिको लक्ष्यसहित ३ वर्षपछि अन्तर्राष्ट्रिय कोर्टमा उत्रने तयारी



काठमाडौं/ सन् २०१६ मा नेपालमा पहिलो संस्करणको दक्षिण एसियाली महिला बास्केटबल (साबा) च्याम्पियनसिप आयोजना भएको थियो । त्यतिबेला बलियो टिम भारतले सहभागिता नजनाए पनि नेपाल श्रीलंकासँग पराजित हुँदै उपविजेता बन्यो ।

पाँच टिम सहभागी राउण्ड रोबिन लिगका आधारमा खेलाइएको प्रतियोगितामा नेपालले बंगलादेश, माल्दिभ्स र भुटानलाई हराएको थियो ।

सन् २०१९ डिसेम्बरमा नेपालमै आयोजना भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा पनि नेपाली महिला टिम उपविजेता बन्दै रजत जित्न सफल भयो । नेपाल फाइनलमा भारतसँग पराजित भएको थियो । साबा र सागमा दोश्रो हुनु नै नेपाली महिला बास्केटबलको अहिलेसम्मको ठूलो सफलता हो ।

पहिलो साबा खेलेको ६ वर्षपछि र सागमा रजत जितेको तीन वर्षपछि नेपाली महिला टिम अन्तर्राष्ट्रिय कोर्टमा उत्रिने तयारीमा छ । अर्को महिना माल्दिभ्समा दोस्रो दक्षिण एसियाली महिला बास्केटबल च्याम्पियनसिपको तयारीमा रहेका खेलाडीको लक्ष्य छ- पहिलो उपाधि ।

नयाँ र अनुभवी खेलाडीको मिश्रणसहित लामो समयपछि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न लागेको महिला टिमको लक्ष्य यसपटक जसरी पनि उपाधि जित्ने नै छ । तर त्यसका लागि ठूलो चुनौती पनि छ । त्यो चुनौती पार गर्ने गरी खेलाडीले पसिना बगाइरहेका छन् । प्रशिक्षक विकास शाहीले १६ खेलाडीलाई दैनिक प्रशिक्षण गराइरहेका छन् । यसबाट १२ सदस्यीय अन्तिम टोली केहीदिनमै छनोट गरिने शाहीले जानकारी दिए ।

***युवा खेलाडी आगमनले उत्साह***

लामो समय अन्तर्राष्ट्रिय खेल नभए पनि पछिल्लो समय राष्ट्रियस्तर र उमेर समूहमा विभिन्न बास्केटबल प्रतियोगिता भइरहेका छन् । जसले गर्दा नयाँ नयाँ खेलाडी कोर्टमा देखिन्छन् । राष्ट्रिय टिममै पनि युवा खेलाडीहरुको आगमन हुँदा यसले सबैलाई उत्साहित बनाएको छ । 'लामो समयपछि प्रशिक्षणमा फर्कंदा उत्साहित छौं,' अनुशा मल्लले भनिन्, 'कडा मिहिनेत गरेर हामीले शतप्रतिशत दिनेछौं ।' नयाँ खेलाडीहरुले पनि राम्रो गरिरहेको कप्तान सदिना श्रेष्ठले बताइन्, 'नयाँ खेलाडीले राम्रो गरिरहेका छन् । जुनियरहरूले हामीलाई नै प्रतिस्पर्धा दिने गरी आइरहेका छन् । तर अनुभव लिन बाँकी छ । उनीहरुलाई हामीले नै बुस्ट गर्ने हो ।'

टिममा सिनियर र जुनियर खेलाडी भए पनि उनीहरूबीच राम्रो समन्वय छ । नयाँ खेलाडीको आगमन नै अहिलेको सबैभन्दा राम्रो पक्ष मान्छन् प्रशिक्षक शाही, 'अहिलेको राम्रो पक्ष भनेको नयाँ युवा खेलाडी धेरै नै देखिएको छ । एसईई दिएर आएका खेलाडी पनि छन् । यसले पछिसम्मका लागि राम्रो संकेत देखाएको छ ।'

शाहीले नयाँ खेलाडी हुँदा अहिले टिम बिल्डिङमा बढी केन्द्रित रहेको बताए । 'अहिले मेन फोकस टिम बिल्डिङ नै हो । किनभने यसमा भर्खरको जुनियर र सिनियर खेलाडी पनि छन् । जुनियरको समस्या भनेको स्कुलबाट सिधै माथिल्लो लेभलमा आएका छन्, सुरुमा उनीहरुलाई गाह्रो भए पनि अहिले उनीहरु विस्तारै सहज भइरहेका छन् ।'

१३औं सागमा यू-२३ टिमबाट थ्री अन थ्री खेलेकी गरिशा सिलवाल, मिनु गुरुङ र सोनी वाइबा अहिले सिनियर टिममा छन् । यस्तै रिन्छेन मोक्तान, बिनामनी योन्जन, अमिसा घले र रोशनी श्रेष्ठ नयाँ खेलाडी हुन् ।

जुनियर र सिनयर खेलाडीको मिश्रणले अहिले टिम झन् राम्रो भएको शाहीले बताए । बीचको खाली समयमा पनि खेलाडीले आफैं जिमदेखि अभ्यास गरिरहेकोले फिटनेसमा पनि ठूलो समस्या नभएको र यो राम्रो कुरा रहेको उनले बताए ।

***के छ चुनौती ?***

कोभिड-१९ को महामारीका कारण २०१९ को सागपछि नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको छैन । 'धेरै पछि खेल्न लाग्दा उत्साह एकदमै छ । उत्साहसँगै चुनौती पनि छ र दबाब पनि छ । तीन वर्षमा टिम कुन स्तरमा पुग्यो थाहा हुँदैन त्यो चुनौती छ,' कप्तान सदिनाले भनिन, 'दबाब भनेको पहिला सिल्भर जितेको अहिले गोल्ड नै ल्याउनुपर्छ भन्ने हो ।'

लामो समयपछि खेल्दाको चुनौती एकातिर छ भने मुख्य प्रतियोगिता अघि प्राक्टिस म्याच खेल्न नपाउनु अर्को चुनौती छ । 'हामीलाई मुख्य चुनौती भनेको म्याच एक्सपिरियन्स छैन । हामीले कहाँ गएर परीक्षण गर्ने त ?' प्रशिक्षक शाही भन्छन्, 'स्कुल र प्लस टु मा खेलेका खेलाडी सिधै आएर अन्तर्राष्ट्रिय खेल खेल्दा चुनौती हुन्छ । मैत्रीपूर्ण खेल नहुँदा यही ठूलो चुनौती छ ।'

यसपटक टिममा नयाँ जुनियर खेलाडीको आगमन हुनुले पनि उत्साह बढाएको कप्तान सदिनाले बताइन्, 'अहिले नियमित जस्तो खेलहरु भइरहेका छन् । सबैले अभ्यास पनि गरिरहेका छन् । जति खेल्यो उति नै निखारिने हो । जुनियर खेलाडीसँग सुरुमा केही गाह्रो भए पनि अहिले कम्बिनेसन राम्रो भइरहेको छ ।'

सन् २०१६ मा नेपालमै साबा खेलेका कप्तान सदिना र अनुशासहित एलिशा मल्ल, श्रेया खड्का र एलिना गुरुङ अहिले पनि टिममा छन् ।

***लक्ष्य उपाधि नै***

सन् २०१३ देखि सदिनाले कप्तानको जिम्मेवारी लिएकी हुन् । चीनमा भएको थ्री एण्ड थ्री प्रतियोगितादेखि सदिनाले नेपालको नेतृत्व गर्न थालेको झण्डै एक दशक हुन लागिसकेको छ ।

उनले सागदेखि थ्री एण्ड थ्री विश्व बास्केटबल च्याम्पियनसिपमा समेत खेलिसकेकी छन् । तर सदिनाले मात्र होइन, नेपाली टिमले नै उपाधि उचाल्न सकेको छैन । त्यसैले यसपटक एउटै लक्ष्य उपाधि जित्नु रहेको छ ।

'मेरो गोल भनेकै नेपालका लागि गोल्डे मेडेल जिताउने हो । ठूलो आश पनि छ । हामीलाई सधैं भारतले नै बाधा पुऱ्याउने हो', यसपटक टिम र आफ्नो लागि पनि केही हुन्छ भन्ने आशमा उनी छन् ।

'भारत ठूलो देश हो । हाम्रो र उनीहरुको लेभलमा धेरै फरक छ । एकदमै च्यालेन्ज हुन्छ । तर यसपटक गोल्ड ल्याउन सक्ने गरी तयारी गरिरहेका छौं । हाम्रो चाहना गोल्डकै हो', कप्तान सदिनाले भनिन् । पहिलाको भन्दा अझ राम्रो तयारी गर्ने उनले बताइन् ।

'भारतलाई हराउने वास्तविकता कति छ त ? रियालियास्टिक कुरा गर्दा भारतसँग च्यालेन्ज गर्ने हो । सबैलाई थाहा छ भारतसँग मिट गर्न नेपाललाई गाह्रो छ । तर सक्दैन भन्ने होइन', सदिनाले भनिन्, 'गेम हो जे पनि हुन्छ । हामी हार मानेर जाँदैनौं च्यालेन्ज गर्नै जान्छौं । आफ्नो तर्फबाट ट्रेनिङ प्रक्टिस राम्रो गरेर प्रतिस्पर्धा गर्ने हो ।'

महिला टिम दुई पटक उपविजेता हुँदा नै प्रशिक्षक रहेका शाही पनि उपाधि जित्नु ठूलो चुनौती रहेको स्वीकार्छन् । दक्षिण एसियामा भारत एउटा लेभलमा र अरु टिम एउटा लेभलमा रहेको उनको बुझाइ छ । 'हामीलाई चुनौती नै छ । यो क्षेत्रमा भारतपछि कोही यो नै टिम जित्छ भन्ने छैन । सबै १९-२० नै छन् ।' - *साभार: अनलाइनखबर*



**हेटौंडामा बन्दको प्रभाव**: बागमती प्रदेशको मुकाम हेटौंडामा नेत्रविक्रम चन्द विप्लवसहित पाँच कम्युनिष्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको प्रभाव परेको छ । मंगलबार बन्दका कारण हेटौंडा हुँदै चल्ने ठूला र साना सवारीको आवागमन ठप्प थियो । हेटौंडामा बन्दकर्ता उपस्थिति बिहान थियो । तर, दिउसो बन्दकर्ताहरु सडकमा थिएनन् । दिउसो लामो दुरीको सवारीसाधनहरु पुर्वपश्चिम राजमार्गमा तथा हेटौंडा-भिमफेदी काठमाडौं सडकमा सञ्चालन भएका थिए । बिहान सुनसान देखिएको हेटौंडा दिउसोको समयमा सामान्य चहलपहल बढेको थियो । मुख्य सडकहरुमा अटो, मयुरी, मोटरसाइकल र थोरैको संख्यामा साना सवारी चलेका थिए । नगरभित्रका अधिकांश व्यवसाय बन्द थिए । यात्रु बाहक सवारीसाधन सञ्चालनमा नआउँदा मकवानपुरको ग्रामिण क्षेत्रबाट सर्वसाधारणहरु हेटौंडा आउन पाएका थिएनन् । बन्दका कारण मकवानपुरका शैक्षिक संस्थाहरु ठप्प भएका थिए । विप्लव नेतृत्वको नेकपाले आफ्ना नेताहरुविरुद्ध पक्राउ पुर्जी जारी गरिएको, एमसीसी पारित गरेको, महंगी बढेको, नागरिकता विधेयक पास गरेको विरुद्धमा नेपाल बन्दको आह्वान गरेको थियो । - *तस्बिर: साझाकुरा*

# अभिभावकको दबाबपछि महेन्द्र माविका प्रअ मण्डलको राजिनामा

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ विद्यालयको शैक्षिक गुणस्तर खस्किएको भन्दै स्थानीय अभिभावकले विद्यालयमा ताला ठोकेपछि मनहरीस्थित महेन्द्र किरण माध्यमिक विद्यालयका प्रधानाध्यापकले राजिनामा दिएका छन् ।

मनहरी गाउँपालिका-८ स्थित विद्यालयका प्रअ राधालाल मण्डलले अभिभावकहरुको मागअनुसार गाउँपालिकालाई राजिनामा बुझाएका हुन् । मण्डल र विद्यालय व्यवस्थापन समितिको कारण २०७८ सालको एसईई परीक्षामा विद्यार्थीहरु उत्तीर्ण हुन नसकेको अभिभावकले आरोप लगाएका थिए । विद्यालयमा अध्ययनरत् विद्यार्थीमध्ये १ जना मात्रै एसईईमा उर्तिण अन्य सबै अनुतिर्ण भएपछि अभिभावकहरुले प्रअ मण्डल र व्यवस्थापन समिति अध्यक्षको राजिनामा माग गर्दै विद्यालयमा तालाबन्दी गरेका थिए ।

गाउँपालिकाले राजिनामा दिएर बन्द विद्यालय खुलाउनका लागि मार्ग प्रशस्त गर्न प्रअ मण्डललाई निर्देशन दिएपछि उनले राजिनामा दिएका हुन् । महेन्द्र किरण पश्चिम मकवानपुरकै जेठो विद्यालय हो । गाउँपालिका अध्यक्ष, वडाध्यक्षलगायतले राजिनामा दिन आलटाल गरेका मण्डलले अन्ततः दबाब बढेपछि राजिनामा दिएका हुन् । मनहरी-८ स्थित वडा कार्यालयमा भएको बैठकमा प्रअ मण्डेलले राजिनामा दिएका हुन् ।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले विद्यालयप्रति अभिभावक, विद्यार्थीहरुले राखेका गुनासो सम्बोधन गर्न निर्देशन दिएका थिए । प्रधानाध्यापक मण्डलले पढाउने विषयमै एक जना विद्यार्थी मात्रै पास भएको पाइएपछि अभिभावकहरु झनै उग्र बनेका थिए । विद्यालय व्यवस्थापन समितिले विद्यालय प्रशासनलाई नियमन गर्न नसकेका कारण विद्यालयको शैक्षिक गुणस्तर कमजोर बनेको अभिभावकहरुको आरोप छ ।

# पेस्तोल बरामद



सप्तरी, ७ भदौ (रासस)/ सप्तरीबाट मंगलबार पेस्तोल बरामद भएको छ । सप्तरीको राजगढ गाउँपालिका-२ बनैनियाँस्थित नेपाल-भारत सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले एउटा कट्टुवा पेस्तोल र त्यसमा प्रयोग हुने एक राउन्ड गोली बरामद गरेको सशस्त्र प्रहरी बल ६ नं गण हेड क्वार्टरका गणपति सशस्त्र प्रहरी उपरीक्षक प्रदीप खड्काले जानकारी दिए ।

यस्तै जेठ ५ गते सप्तरीको हनुमाननगर कङ्कालिनीनगर पालिका-१ भारदहस्थित कोसी नदीको किनारबाट सशस्त्र प्रहरीले स्वचालित पेस्तोलसहित सोही ठाउँका २६ वर्षीय रञ्जित मण्डललाई पक्राउ गरेको थियो । प्रहरीले सुरक्षाको प्रत्याभूति गर्न विशेष जाँच अभियान चलाएको छ ।

# २६ जनाद्वारा रक्तदान

हेटौंडा, ७ भदौ/ मंगलबार हेटौंडामा २६ जनाले रक्तदान गरेका छन् ।

मानव सेवा आश्रमको आयोजनामा भएको रक्तदान कार्यक्रममा २६ जनाले रक्तदान गरेका हुन् । आश्रमले आफ्नो ११ औं वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गरेको छ । सोही सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन मंगलबार हेटौंडामा रक्तदान कार्यक्रम भएको हो । वार्षिकोत्सवको सप्ताहव्यपी कार्यक्रमको दोस्रो दिन आज बुधबार आश्रम परिसरमा वृक्षरोपण, बिहीबार आश्रम रहेको धापटोलमा सरसफाई तथा तीज विशेष कार्यक्रम, शुक्रबार सडक आश्रित मानवहरुको उद्दार, शनिबार मीदान संकलन, आइतबार दीप प्रज्वलन र भजन सन्ध्यासँगै स्थापना दिवसको दिन समापन कार्यक्रम रहेको जनाइएको छ ।

# सरकारद्वारा उच्चस्तरीय तलब सुविधा आयोग गठन

काठमाडौं, ७ भदौ (रासस)/ सरकारले राष्ट्रसेवक कर्मचारी र श्रमिकहरूको न्यूनतम तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरावलोकनका लागि उच्चस्तरीय तलब सुविधा आयोग गठन गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को भदौ ६ गते बसेको बैठकले देशको आर्थिक अवस्था र खर्च बहन गर्नसक्ने क्षमता समेतका आधारमा कर्मचारी र श्रमिकको तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरावलोकन गर्न आवश्यक अध्ययन गरी सरकारलाई सिफारिस गर्न पूर्व मुख्यसचिव लीलामणि पौडयालको संयोजकत्वमा सो आयोग गठन गरेको हो ।

मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न मंगलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले उच्चस्तरीय पारिश्रमिक एवम सुविधा पुनरावलोकनका लागि तलव सुविधा आयोग गठन गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

बैठकले बालाजु-त्रिशूली सडक खण्डको (मुड्खु-तिनपिप्ले) पाँच दशमलव पाँच किलोमिटर सडक निर्माण कार्य तत्काल अगाडि बढाउन विशेष परिस्थितिमा बोलपत्र आह्वान गरी खरिद प्रक्रियामा लैजान सैद्धान्तिक सहमति प्रदान गरेको छ ।

# पहिरो पीडितलाई दसैंमा नयाँ घर



लमजुङ, ७ भदौ (रासस)/ यहाँका बाढीपहिरो पीडितले आगामी दसैंमा नयाँ घर पाउने भएका छन् । जिल्लाको मर्स्याङ्दी गाउँपालिका-३ अर्खलेगाउँका पहिरोपीडितका लागि निजी आवास निर्माणकार्य आगामी दसैं अगावै सम्पन्न हुने भएकाले दसैंबाट नयाँ घरमा बस्न पाउने भएका हुन् ।

दुई वर्ष अघिदेखि विस्थापित यहाँका १८ घरपरिवार हालसम्म कोही आफन्तको सहारा र कोही त्रिपाल एवं जस्तापातामुनि कष्टकर जीवन बिताउँदै आएका छन् । गाउँपालिकाका अनुसार अर्खलेबेंसी र अर्खलेबेंसी पारि मर्स्याङ्दी गाउँपालिका- ६ को लाम्पाटाबगरमा घर निर्माण भइरहेको छ ।

गाउँका १८ घरलाई स्थानान्तरणका लागि घर निर्माण भइरहेको र निर्माणकार्य अन्तिम चरणमा पुगेको गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले बताए । उक्त पीडितमध्ये लाम्पाटा बगरमा ११, अर्खलेबेंसीमा छ घर निर्माणाधीन छन् ।

त्यस्तै, एक घर बाहुनडाँडामा बन्ने चरणमा रहेको गाउँपालिकाले जनाएको छ । पहिरोले गाउँ नै जोखिममा परेपछि स्थानान्तरणका लागि नयाँ घरमा निर्माण तीव्र गतिमा अघि बढिरहेको र दसैंमा नयाँ घरमा उनीहरू बस्न पाउने गाउँपालिका अध्यक्ष गुरुङको भनाइ छ ।

प्रतिपरिवारका लागि रु सात लाखको लागतमा घर निर्माण भइरहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका अनुसार यसमा संघ सरकारको ५० प्रतिशत, गण्डकी प्रदेश सरकारको ३० प्रतिशत र गाउँपालिकाको १० प्रतिशत बजेट रहेको छ ।

उक्त रकममध्ये जग्गा खरिदका लागि तीन लाख र घर बनाउन साढे चार लाख बजेटको व्यवस्था छ । विसं २०७७ मा अर्खले गाउँमा पहिरो आएपछि सिङ्गो गाउँ नै विस्थापित भएको थियो ।

सो पहिराले जोखिम बढाउँदै आएपछि विसं २०७५ मा घरमा नबस्न वडा कार्यालयले अनुरोधसमेत गरेको थियो । तर उनीहरूले पहिराको बेवास्ता गर्दै आएपछि विसं २०७७ मा गएको पहिराले गाउँ नै विस्थापित बनाएको थियो । घर नुहँदा कष्टकर जीवन बिताउँदै आएका उनीहरूले यसपालिकाको दसैंमा नयाँ घर पाउने भएसँगै हर्षित भएका छन् ।

# खेलकुद विज्ञान विभाग र फाउन्डेशनबीच सहकार्य

काठमाडौं, ७भदौ (रासस)/ सुशील कोइराला मेमोरियल फाउन्डेसन र त्रिभुवन विश्वविद्यालय केन्द्रीय खेलकुद विज्ञान विभागले खेलाडीलाई मानसिक र मनोवैज्ञानिकरूपमा बलियो बनाउन सहकार्य गर्ने भएका छन् ।

कोरोना महामारीपछि खेलाडीमा आएका विभिन्न समस्याका कारण तनाव, शारीरिक एवं मानसिक शिथिलताबाट मुक्तिका लागि विभागसँग सम्झौताको तयारी भएको फाउन्डेसनका सदस्य सचिव अतुल कोइरालाले जानकारी दिए । यो कार्यक्रमका लागि राष्ट्रिय खेलकुद परिषद्सँग पनि सहकार्यको तयारी भएको छ । पहिलो चरणमा नेपाली राष्ट्रिय क्रिकेट खेलाडीलाई लक्षित गरेर यो कार्यक्रम सञ्चालन गरिने भएको छ । यसका लागि क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्द नेतृत्वको प्रतिनिधिमण्डलसँग पनि सम्झौता गरिने भएको छ ।

खेलाडीलाई तीन चरणमा कार्यशालामा राखेर कार्यक्रम सञ्चालन गरिने भएको छ । यो कार्यक्रम देशव्यापीरूपमा सञ्चालन गरिने छ । क्रिकेटपछि अन्य खेलका खेलाडीलाई पनि कार्यक्रममा सहभागी गराइने छ । कार्यक्रममा महिला र पुरुष दुवै खेलाडीलाई सहभागी गराइने छ । कार्यक्रममा खेलकुद विभागका प्राध्यापक, मनोविद्, क्रिकेट खेलका प्रशिक्षक एवंखेलकुदविज्ञको पनि सहभागिता गराउने तयारी भएको छ । कार्यक्रमको स्रोत व्यक्तिका रूपमा बागमती प्रदेश क्रिकेट संघका कोषाध्यक्ष अनिल अधिकारीलाई जिम्मेवारी दिइएको छ ।

त्रिविवि खेलकुद विज्ञान विभागमा नेपाल एवं अन्य देशकासमेत खेलाडी एवं खेलप्रेमी अध्ययन गरिरहेका छन् । विभागले विभिन्न विषयमा अनुसन्धानात्मक लेख, रचना पनि प्रकाशन गराएको विभागीय प्रमुख गंगाबहादुर थापामगरले बताए । यस्तो कार्यक्रमको आवश्यकता खेलाडीका साथै अन्य क्षेत्रका व्यक्ति र बालबालिकालाई समेत आवश्यकता रहेको उनले सुनाए ।

# चलचित्र 'प्रेम गीत ३' भारतमा प्रदर्शन गरिने

काठमाडौं, ७ भदौ (रासस)/ नेपाली चलचित्र 'प्रेम गीत ३' भारतमा प्रदर्शन गरिने भएको छ । आशुसेन फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्र 'प्रेम गीत ३'ले भारतमा प्रदर्शनका लागि तयारी थालेको हो ।

नेपाल चलचित्र निर्माता संघका अनुसार नेपाली चलचित्र उद्योगको इतिहासमा नेपाली चलचित्र विदेशमा प्रदर्शन भएको तथ्याङ्क छैन । विभिन्न देशमा नेपाली चलचित्रको च्यारिटी प्रदर्शन भने हुँदै आएको छ । चलचित्र "प्रेम गीत ३" भारतका विभिन्न ठाउँमा एकसाथ प्रदर्शन हुन लागेको आशुसेन फिल्म प्रोडक्सनका प्रमूख तथा निर्माता निर्देशक सन्तोष सेनले बताए ।

"एकसाथ भारतका धेरै ठाउँमा नेपाली चलचित्र प्रदर्शन हुनु नेपाली चलचित्र उद्योगका लागि ठूलो अवसर हो", उनले भने । यसले नेपाली चलचित्रको बजार फराकिलो बनाउने उनको विश्वास छ । यसबाट नेपाली कला, संस्कृति र मौलिकताको प्रवर्द्धन पनि हुनेछ । चलचित्र 'प्रेम गीत ३' हिन्दी भाषामा पनि प्रदर्शन हुने भएको छ । नेपाली र हिन्दी भाषामा निर्माण गरिएको सो चलचित्रलाई भारतमा हिन्दी भाषामा र नेपालमा नेपाली र हिन्दी दुवै भाषामा प्रदर्शन गर्न लागिएको हो ।

चलचित्रमा गीत पनि हिन्दी भाषामा निर्माण गरिएका छन् । नेपाली चलचित्र उद्योगका लागि "प्रेम गीत ३" विदेशी बजारमा कोसेढुङ्गा सावित हुने चलचित्रका अभिनेता प्रदीप खड्काले बताए ।

चलचित्रमा खड्कासँगै क्रिष्टिना गुरुङ, शिव श्रेष्ठ, सुनिल थापा, सन्तोष सेन, माओत्से गुरुङ, पुस्कर कार्की, अनुभव रेग्मी, योगीशा खत्री, जीवन भट्टराई, लक्ष्मी बर्देवालगायत कलाकारको अभिनय रहेको छ । साङ्गीतिक प्रेम कथामा निर्माण भएको "प्रेम गीत ३" "प्रेम गीत" चलचित्रको निरन्तर सिरिज हो । आगामी असोज ७ गतेदेखि चलचित्र नेपाल र भारतमा एकसाथ प्रदर्शन गरिने छ । सेनसँगै छेतेन गुरुङ पनि सो चलचित्रका निर्देशक हुन् ।

**हेटौंडा सिमेण्ट उद्योग लिमिटेडको**
**Advance Attendance software निर्माण कार्यको दरभाउपत्र आव्हानको सूचना**
**ग्रुप नं ०८ आर /०७९/०८०**
(सूचना प्रकाशित मितिः २०७९/०५/०८)
यस उद्योगको कर्मचारीहरुको हाजिरी रेकर्ड व्यवस्थित गर्ने प्रयोजनार्थ Advance Attendance Software निर्माण गर्नुपर्ने भएकाले उक्त कार्य गर्न इच्छुक योग्यता पुगेका पंजिकृत फर्म, आपूर्तकहरुबाट शिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिन्छ । विस्तृत विवरणको लागि उद्योगको सूचना पाटीमा हेर्न सक्नु हुनेछ ।
सर्म्पक फोन नं : ०५७-४१२८५२, ४१२१२३

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**
*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नारायणी यातायातको अत्याचार: बेहोस यात्रुलाई बाटोमै छोडेर टाप

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ हेटौंडास्थित यातायात क्षेत्रको एक जिम्मेवार निकायबाट सञ्चालित एउटा टाटासुमोले काठमाडौं जाने यात्रुमाथि चरम लापरबाही गरेको पाइएको छ ।

नेपालकै ठूलो यातायात संस्था भनेर यसअघि प्रचार गरिँदै आएको पुरानो नारायणी यातायात कम्पनी प्रालि (तत्कालीन नारायणी यातायात व्यवसायी संघ)को टाटासुमोले बेहोस अवस्थामा रहेकी एक महिला यात्रुमाथि अत्याचार गरेको पाइएको हो । यात्रु टिकटमा प्रष्ट गाडि नम्बर समेत नलेखिएको टाटासुमोले रामेछाप मन्थली घर भएका निता तामाङलाई भीमफेदीमा छोडेर हिँडेको छ । अन्दाजी १८-२० वर्षकी तामाङ काठमाडौं जान नारायणी यातायातको टाटासुमो चढेकी थिइन् । उनी भीमफेदी पुग्नु अगावै टाटासुमोभित्र बेहोस भइन् ।

यात्रु बेहोस भएपछि सुमोका चालकले भीमफेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा तामाङलाई छोडेर सम्बन्धित निकायमा खबर नै नगरी हिँडेका हुन् । इलाका प्रहरी कार्यालय भीमफेदीका अनुसार सुमोका चालकले तामाङलाई स्वास्थ्य केन्द्रमा ल्याएर प्रहरीलाई नै खबर नगरी काठमाडौं गएको खुलेको जनाएको छ । गन्तव्यमा हिँडेको यात्रु बीचबाटोमै बेहोस भएपछि चालकले प्रहरी वा सम्बन्धित बिरामीको परिवारमा खबर गर्नुपर्ने मानवीयता पनि नदेखाएको पाइएको छ । यात्रु तामाङको होस खुलेपछि स्वास्थ्य केन्द्रले नजिकैको इप्रका भीमफेदीलाई जानकारी गराएका थियो ।

तामाङलाई हेटौंडाको पदमपोखरी रहेका आफन्तले आएर लगेको इप्रका भीमफेदीकी इञ्चार्ज प्रहरी निरीक्षक प्रतिमा कार्कीले जानकारी दिइन् । उनले सुमो चालकले बिरामीको बारेमा कुनै जानकारीसमेत नदिएको र यात्रुलाई स्वास्थ्य केन्द्रमा राखिदिएर गैरजिम्मेवार ढंगले हिँडेको जानकारी दिइन् । तामाङको टिकट उनको साथीले काटिदिएको कारण टिकटमा नामसमेत उल्लेख छैन । नारायणी यातायातको काउन्टरले टिकट काट्दा सामान्य मापदण्डसमेत पालना नगरेको पाइएको छ । टिकटमा गाडि नम्बर प्रष्टसँग उल्लेख नभएको, यात्रारत दिनको मितिसमेत नलेखिएको, यात्राको गन्तव्यसमेत प्रष्टसँग खुलाइएको थिएन ।

पीडित तामाङसँग सुमोले ७ सय रुपैयाँ लिएको खुलेको छ । प्रहरीले टाटासुमो र त्यसका चालकलाई खोजी गरेपनि हालसम्म भेटाएको छैन । इप्रका भीमफेदीकी इन्स्पेक्टर कार्कीले टाटासुमोको नम्बर नखुलेका कारण पत्ता लगाउन कठिन भएको बताइन् । उनका अनुसार प्रहरीले अनुसन्धान गरिरहेको बताइन् । प्रमाण नै नभेटिएको घटनाको अनुसन्धानमासमेत सफल हुँदै आएको प्रहरीले एउटा टाटासुमो खोज्न नसकेको जवाफ पाएपछि पीडितको आफन्त आश्चर्यमा परेको भीमफेदीका एक स्थानीयले जानकारी दिएका छन् ।

नारायणी यातायात कम्पनीको मात्र नभई हेटौंडाबाट सञ्चालित अधिकांश टाटासुमो र तीनका चालकले लापरबाही गर्ने गरेको घटना आइरहन्छ । तर, हदैसम्मको लापरबाही भइरहेको देख्दासमेत सम्बन्धित निकायले कुनै कारबाही अगाडि बढाउँदैन । चालकले यात्रुलाई बेहोस अवस्थामा बीचमै छोडेर हिँड्नुको पछाडि काठमाडौंबाट तत्काल हेटौंडा आउने अर्को टिप लगाउनु रहेको आशंका छ । ढिला भएमा हेटौंडा फर्किने यात्रु नपाइने भएकाले चालकले हतार हतार गर्ने गरेको गुनासो छ । मंगलबारपनि हेटौंडा फर्किने टिप लगाएर थप भत्ता लिने लोभमा चालकले यात्रुलाई बीच बाटोमै छोडेर हिँडेको आशंका गरिएको छ ।

## कार्यकक्षमै कुटिए वडाध्यक्ष सिग्देल

हेटौंडा, ६ भदौ/ हेटौंडा उपमहानगरपालिका वडा नम्वर ४ का वडाध्यक्ष नविन सिग्देल कार्यकक्षमा नै कुटिएका छन् ।

नेकपा एमालेका सचिव समेत रहेका वडाध्यक्ष सिग्देल हेटौंडा-४ हुप्रचौरस्थित वडा कार्यालयमा नै कुटिएका हुन् । उनलाई एमालेको मकवानपुर जिल्ला सदस्य सानु लामा दोङले मंगलबार दिउँसो कार्यकक्षमै गएर कुटपिट गरेको बुझिएको छ । हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको सटर भाडामा दिनेबारे विवादमा लामाले सिग्देलमाथि हातपात गरेको जनाइएको छ । कुटाई खाएका वडाध्यक्ष सिग्देलले लामाविरुद्ध जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरि दिइसकेका छन् । सिग्देलले आफूमाथि हातपात भएको भन्दै कारवाहीको लागि माग गर्दै उजुरी दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । '*साझाकुरा*सँग सिग्देलले भने 'म माथी जे भयो गलत भयो ।'

हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेले विज्ञप्ति जारी गर्दै ४ नम्बर वडाध्यक्ष तथा कार्यपालिका सदस्य सिग्देलमाथि कार्यकक्षमै भएको आक्रमणप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै सार्वजनिक कार्यालयको कार्यकक्षमै घटाएको उक्त घटनाका दोषीउपर छानविन गरी दोषीमाथि कडा कारबाही गर्न जोडदार माग गरेका छन् । उनले सार्वजनिक कार्यालयमा प्रवेश गरी घटाइएको उक्त घटनाको घोर भर्त्सना र निन्दा गरेका छन् ।

# मकवानपुरबाट प्रतिनिधिसभामा माओवादी केन्द्रको दाबी

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ आगामी ४ मंसिरमा हुने भनिएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि राजनीतिक दलहरु तयारीमा जुटेका छन् ।

मकवानपुरका नेताहरु निर्वाचनमा टिकट ल्याउन आफ्नो पार्टीभित्र दबाब बढाइरहेका छन् । जसमध्ये नेकपा (एकीकृत समाजवादी)बाट मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा विरोध खतिवडा सिफारिस भएका छन् । तर, गठबन्धनकै नेकपा माओवादी केन्द्रले पनि क्षेत्र नम्बर २ मा दाबी गरेको छ ।

२ नम्बर क्षेत्र माओवादी केन्द्रका नेता निवर्तमान राष्ट्रिसभा सदस्य रामनारायण विडारीको पनि हो । उनले २ नम्बर क्षेत्रमा माओवादी केन्द्रको दाबी रहने बताएका छन् । मकवानपुरको दुईवटा प्रतिनिधिसभा क्षेत्रमध्ये एक क्षेत्रमा नेकपा माओवादी केन्द्रले पाउनुपर्ने दाबी गरेका हुन् । विडारीले प्रतिनिधिसभा क्षेत्रमा दावी गरेर आफू उम्मेदवार बन्ने इच्छा व्यक्त गरे । यसअघि उनी माओवादी केन्द्रबाट समानुपातिकतर्फबाट संविधानसभा सदस्य र निवर्तमान राष्ट्रिसभा सदस्य भइसकेका हुन् । कानुन व्यवसायीसमेत रहेका विडारीले दावी गरेअनुसार भागबण्डामा माओवादीले एउटा क्षेत्र पाए प्रत्यक्षतर्फ निर्वाचन लड्ने चाहना व्यक्त गरेको उनी निकट नेताहरुले बताएका छन् ।

तर, माओवादीले प्रतिनिधिसभा क्षेत्र पाए विडारी मात्र नभई संविधानसभा सदस्य तथा प्रदेश योजना आयोग सदस्य प्रल्हाल लामिछाने, माओवादी केन्द्रकी केन्द्रीय सदस्य तथा बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानदेखि पार्टी बागमती प्रदेश उपाध्यक्षसमेत रहेका प्रदेश सांसद प्रेमबहादुर पुलामीपनि खुट्टा उचालेर बसेका छन् । नेता विडारीले सञ्चारकर्मीहरुसँग कुरा गर्दै मकवानपुरमा अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा एमाले र माओवादीबीचको गठबन्धन हुँदा दुवै प्रतिनिधिसभा क्षेत्रमा एमालेलाई छोडेको बताए । अघिल्लो निर्वाचनमा जिल्लाको प्रतिनिधिसभा क्षेत्र नम्बर १ र २ बाट बाम गठबन्धनका उम्मेदवार विरोध खतिवडा र कृष्ण प्रसाद दाहालले निर्वाचन जितेका थिए ।

हाल खतिवडा एमाले छोडेर नेकपा एसमा छन् भने खतिवडा एमालेमै । अघिल्लो पटक पनि एमाले र माओवादीको गठवन्धनमा दुबै क्षेत्र छोडेको कारण हालको बाम-लोकतान्त्रिक गठबन्धनबाट माओवादीले दावी गर्ने विडारीले जानकारी दिए । 'यस पटक गठबन्धन फरक दलबीच भएपनि आफुहरुले एउटा संघीय क्षेत्र पाउनुपर्छ ।,' उनले भने ।

प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट आफू प्रत्यक्षतर्फको उम्मेदवार हुने विषयमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई समेत जानकारी गराएको विडारीले बताएका छन् । क्षेत्र नम्बर २ मा माओवादी केन्द्रको शक्ति कांग्रेस-एमाले भन्दा कम नरहेको विडारीको दावी छ ।

विडारीले प्रतिनिधिसभामा दावी गरिरहँदा गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेस र एकीकृत समाजवादीबीच जिल्लामा दुई प्रतिनिधिसभा क्षेत्र बाँड्ने बारे 'भद्र सहमति' भएको राजनीतिक वृतमा चर्चा छ । कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले १ नम्बर क्षेत्र र खतिवडाले २ नम्बर क्षेत्रबाट निर्वाचन लड्ने तथा प्रदेशसभाको दुई वटा सिट माओवादीलाई दिने बारे छलफल भएको जनाइएको छ ।

## खेलकुद मन्त्रालय र परिषदबीच करार सम्झौता

हेटौंडा, ६ भदौ/ बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले प्रदेश युवा परिषद्को कार्यालयसँग करार सम्झौता गरेको छ । युवा तथा खेलकुद मन्त्री रत्न प्रसाद ढकालको उपस्थितीमा मन्त्रालयका सचिव धुर्ब गैडा र प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंको बिचमा करार सम्झौता भएको हो । प्रदेशका मन्त्रालय र मातहतका कार्यालयमा हुने कामलाई पारदर्शी र नतिजामुखी बनाउनका लागि करार सम्झौता गरिएको उपाध्यक्ष चौलागाईंले जानकारी दिए ।

## श्रमशक्ति व्यवस्थापन नामक पुस्तक विमोचन



साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ लक्ष्मण बजगाईको 'श्रमशक्ति व्यवस्थापन' नामक पुस्तक विमोचन भएको छ ।

बजगाईको 'श्रमशक्ति व्यवस्थापन' नामक पुस्तक मंगलबार बिमोचन गरिएको हो । पुस्तक विमोचनमा बोल्दै लक्ष्मण बजगाईले यस पुस्तक १६ औं कृतीको रुपमा रहेको बताए ।

पुस्तकमा श्रमशक्ति ब्यवस्थापनको बारेमा चर्चा गरिएको उनको भनाइ छ । राज्यमा आफैले उद्योग स्थापना गरी उत्पादन गर्नसके हाल विदेशिएको मुद्रा संचित भई विदेशी मुद्रा आर्जन गर्न सकिने कुरालाई पुस्तकमा जोड दिइएको छ ।

पुस्तक विमोचन गर्दै प्रमुख अतिथी बागमती प्रदेशसभा सदस्य प्रेम बहादुर पुलामीले श्रमिकको लागि यस पुस्तक उपयुक्त भएको बताए । पछिल्लो समयमा मानिसमा पुस्तक किनेर पढ्ने बानि हराउँदै गएको भन्दै पुलामीले यस पुस्तकको अध्ययनबाट श्रम व्यवस्थापनमा सरकारी तथा गैरसरकारी संस्थालाई सहयोग पुग्ने धारणा राखे ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले संसार श्रमले चलेको भन्दै सरकारले दक्ष श्रमिक उत्पादन गर्नुपर्नेमा जोड दिए । पुस्तक विमोचन कार्यक्रम पुस्तक प्रकाशक कृष्णप्रसाद कँडेलको अध्यक्षता भएको थियो ।

# मकवानपुरमा पाँच हजार सुकुम्वासी

साझाकुरा संवाददाता

**बाग्मती गाउँपालिकामा तीनजना भूमिहीन दलित परिवारले लालपुर्जा प्राप्त गरिसकेको छ ।**

हेटौंडा, ७ भदौ (रासस)/ मकवानपुरमा पाँच हजार ६ सय ८४ जना भूमिहीन रहेको एक तथ्यांकले जनाएको छ । राष्ट्रिय भूमि आयोग मकवानपुरका अनुसार जिल्लाको १० वटा स्थानीय तह रहेकोमा उक्त संख्यामा घरपरिवार भूमिहीन रहेको बताइएको छ ।

आयोगका सदस्य सचिवसमेत रहेका नापी कार्यालय मकवानपुरका प्रमुख नापी अधिकृत पूर्णहरि सुवेदीले जिल्लाको १० वटा स्थानीय तहमा गरी तीन हजार दुई सय २१ जना भूमिहीन दलित, दुई हजार चार सय ६३ जना भूमिहीन सुकुम्वासी रहेका छन् । साथै ३३ हजार तीन सय २६ जना अव्यवस्थित बसोबासीले जग्गा प्रमाणपत्रका लागि निवेदन दिएको बताइएको छ । प्रमुख सुवेदीले जिल्लाको बाग्मती गाउँपालिकामा तीनजना भूमिहीन दलित परिवारले लालपुर्जा प्राप्त गरिसकेको तथा अझै ३० जनाले जग्गा प्राप्त गर्ने तयारी अवस्थामा रहेको जानकारी दिए ।

राष्ट्रिय भूमि आयोग मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालले भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीले छिट्टै नै जग्गाधनी प्रमाणपत्र लालपुर्जा प्राप्त गर्ने र त्यसअनुसार काम भइरहेको बताए । मकवानपुरको बागमती, बकैया गाउँपालिकाको दुईवटा वडा तथा हेटौंडा उपमहानगरपालिकाको ११ नम्बर वडामा लालपुर्जा वितरण गर्न आवश्यक काम भइरहेको उनले जनाए । दाहालले चुरे तथा विभिन्न वन आरक्षण क्षेत्रभित्र रहेको स्थानमा लालपुर्जा वितरण गर्न नसकिनेसमेत जानकारी गराए ।


**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

## विद्यार्थी भर्ना सम्बन्धि सूचना

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

**सिद्धार्थ माध्यमिक विद्यालय**

हेटौंडा- २, मकवानपुर

**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७



## धितो लिलाम गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

*दोस्रो पटक प्रकाशित मिति २०७९।०५।०८*

यस नारायणी बहुउद्धेश्यीय सहकारी संस्था लि.को तपशिललमा उल्लेखित ऋणी सदस्यले उपभोग गरेको कर्जाको साँवा र ब्याज रकम तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दासमेत कर्जा नतिरेको, नबुझाएको हुँदा पहिलो पटक मिति २०७९/०२/२१ गतेका दिन हेटौंडा सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना, दोस्रो पटक मिति २०७९/०३/२१ गतेका दिन समृद्ध समाजमा प्रकाशित १५ दिने सार्वजनिक सूचना र तेस्रो पटक मिति २०७९/०४/०९ गते समृद्ध समाजमा प्रकाशित ७ दिने सार्वजनिक सूचनासमेतलाई बेबास्ता गरी संस्थासँग सर्म्पकमा नै नआएको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी यस सहकारीको निजको दायित्वमा रहेको सम्पूर्ण लेना रकम अशुलउपर गरी लिनका लागि ऋणको सुरक्षण बापत लेखाई दिएको धितो लिलाम बिक्री गर्न पहिलो पटक मिति २०७९/०४/१९ गते समृद्ध समाजमा सूचना प्रकाशित गरिएकोमा कुनै बोलपत्र प्राप्त नभएकोले दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आँफूले कबोल गरेको रकमसहितको गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७, सहकारी ऐन २०७४ र करार ऐन २०५६ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति सहकारी आफैंले सकार गरी लिने ब्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपशिल**

ऋणिको नाम: कुसुम बरुवाल
नागरिकता नं.: १९/०६१ मकवानपुर
ठेगाना: हेटौंडा-९, चौधघरे
बाबुको नाम: बाबुकाजी अधिकारी
पतिको नाम: दिनेश कुमार बरुवाल



धितो जमानी दिनेको नाम: शान्तिदेवी बरुवाल
नागरिकता नं.: ८८२, मकवानपुर २०३५/०६/०२
ठेगाना: हाल हेटौंडा-९, चौधघरे
ससुराको नाम: जिमिदार बरुवाल
पतीको नाम: धनबहादुर बरुवाल



धितोको विवरण :- शान्तिदेवी बरुवालको नाममा रहेको जिल्ला मकवानपुर हेटौंडा वडा नं. ९ को कित्ता नं. १९२४ को ज.वी. ०-१-०-० र सो ले चर्चेको लिग लगापात समेत ।

**शर्तबन्देजहरु**

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयभित्र बुझाउन सकिने छ । सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने दिनको उल्लेखित समयभित्र बुझाउन सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बुझाउने अन्तिम दिनको भोलीपल्टका दिन दिउसो ३:०० बजे खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने दिनको उल्लेखित समयमा खोलिनेछ ।
३. लिलाम सम्बन्धी बोलपत्र फारम यस सहकारीको हेटौंडा-९ को मुख्य कार्यालयबाट तोकिएको मूल्य तिरी प्राप्त गर्न सकिने छ ।
४. धितो लिलाम सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरेबमोजिम हुनेछ ।

**नारायणी बहुउद्धेश्यीय सहकारी संस्था लि.**

हेटौंडा-९, पशुपतिनगर, मकवानपुर नेपाल
सम्पर्क नं. ०५७-४१२०७५



हेटौंडा उपमहानगरपालिका कार्यालय
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर

## फोहोर पृथकीकरण (कुहिने र नकुहिने छुट्याउने) सम्बन्धी अत्यन्त जरूरी सूचना

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ (१), (२) तथा हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा २४ (१), (२) को व्यवस्था अनुसार २०७९ साल भाद्र ३ गतेदेखि स्रोतमा नै जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहोरको पृथकीकरण गर्नुहुन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गर्दछौं । उक्त व्यवस्था अनुसार फोहोर पृथकीकरण गर्ने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकोले फोहोर वर्गीकरण गरी सकेसम्म आफ्नो घरबाट निस्किने कुहिने फोहर आफ्नै घरमा व्यवस्थापन गर्नु हुन अनुरोध गर्दछौं । सो व्यवस्थापन गर्न नसक्ने नगरबासीहरुले बारको आधारमा फोहोर संकलन गर्न आउने ढुवानी साधनमा फोहर निश्काशन गर्नहुन साथै बजार क्षेत्रका पसल व्यवसायीहरुले आफ्नो फोहोर डस्टबिनमा राखी फोहोर संकलन गर्न आउने ढुवानी साधन आँउदामात्र फोहोर निश्काशन गर्न जानकारी गराईन्छ ।

*सडक, सार्वजनिक स्थल, खोलामा जथाभावी फोहोर हुनबाट रोकौं **सफा हेटौंडा अभियान**लाई सफल पारौं ।*



URL: www.sajhakuranews.com

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**प्रोपाईटर**: बिनोद शाही ☏ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना